# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा
(महिला बालबालिका तथा समाज कल्याण उपशाखा)

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१


प्रमुख प्रशासकीय अधिकृत

पत्र संख्या:०७५।०७६
चलानी नं.: ९४०

१ नं.प्रदेश, नेपाल
मिति:२०७५।९।२९

**युवा प्रतिभा पहिचान कार्यक्रममा सहभागिताको लागि दरखास्त आव्हान सम्वन्धि सूचना**
**(सूचना प्रकाशन मिति : २०७५/०९/२९)**

राष्ट्रिय युवा परिषदको युवा प्रतिभा तथा उद्यमीको खोजी र उनीहरुको कार्यलाई प्रोत्साहन कार्यक्रम अन्तरगत यस जिल्लाको सदरमुकाम ओखलढुङ्गामा देहायको मिति, समय र स्थानमा **उद्यम परियोजना प्रस्ताव लेखन तथा प्रस्तुतीकरण प्रतियोगिता** सञ्चालन गरिने भएकोले उक्त प्रतियोगितामा सहभागी हुन इच्छुक १६ देखि ४० वर्ष उमेर समुहमा पर्ने ओखलढुङ्गा जिल्लावासी युवाले देहायअनुसार आवेदन दिन यो सूचना प्रकाशन/प्रसारण गरिएको छ ।

**१. प्रतियोगिता सम्वन्धी जानकारी :**

**क.पेश गर्नुपर्ने कागजातहरु** :- नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आफुले तयार पारेको प्रस्तावित उद्यम परियोजनाको सफ्ट तथा हार्ड प्रति,

**ख. उद्यम परियोजना प्रस्ताव पेश गर्ने तरिका** :- सम्पर्क बिवरण खुलेको निवेदनका साथमा प्रतियोगिको हस्ताक्षरवाट प्रमाणित गरिएको र नेपाली भाषामा लेखिएको उद्यम परियोजना प्रस्ताव पेश गर्नुपर्ने,

**ग. पेश गर्ने स्थान र मिति :-** सिद्धिचरण नगरपालिकाको कार्यालय २०७५ माघ २५ गते विहान १०.०० बजेभित्र ।

**घ.**जिल्ला स्तरको प्रतियोगितामा प्रथम, द्बितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्ने प्रतियोगीलाई नगद पुरस्कार तथा कार्यविधिमा तोकिएको ढाँचा बमोजिमको प्रमाण पत्र उपलव्ध गराइनेछ ।

**ङ.**जिल्लास्तरको प्रतियोगितामा प्रथम हुने एकजनालाई प्रदेशस्तरको प्रतियोगितामा र प्रदेशस्तरको प्रतियोगितामा प्रथम, द्धितिय र तृतीय हुने तीनजनालाई राष्ट्रिय स्तरको प्रतियोगितामा सहभागी हुने अवसर हुनेछ ।

**च.** प्रदेश र राष्ट्रिय स्तरको प्रतियोगितामा प्रथम, द्धितिय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्ने प्रतियोगीलाई नगद पुरस्कार तथा प्रमाण पत्रको व्यावस्था हुनेछ ।

**छ.** प्रदेश र राष्ट्रियस्तरको प्रतियोगितामा भाग लिन आउँदा जाँदा तोकिए बमोजिमको दैनिक भ्रमण भत्ता तथा बस भाडा उपलब्ध हुनेछ ।

**ज.**उद्यम परियोजना प्रस्ताव लेखन स्वयंले लेखी टाइप गरी प्रत्येक पानामा दस्तखत गरी यस कार्यालयमा बुझाउनु पर्नेछ । र प्रस्तावको साराशं प्रस्तुतीकरण समेत गर्नुपर्नेछ ।

**झ.** म्याद नाघी आएको प्रस्ताव स्वीकार गरिने छैन ।

**ञ.** यस सम्बन्धी विस्तृत जानकारीको लागि राष्ट्रिय युवा परिषदको वेवसाइट **www.nyc.gov.np** मा राखिएको युवा प्रतिभाको खोजी र उनीहरुको कार्यलाई प्रोत्साहन कार्यक्रम सन्चालन सम्बन्धी कार्यविधि २०७५ बाट प्राप्त गर्न सकिने छ ।

**२. प्रतियोगीता सञ्चालन हुने:**

**मिति:-** २०७५।१०।२५ गते,

**स्थान :-** सिद्धिचरण नगरपालिकाको सभा हल ओखलढुङ्गा ।

**समय:-** अपरान्ह ११.०० बजेदेखि ।

**कार्यक्रम आयोजक**
सिद्धिचरण नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा


email: Siddhicharanmunicipality@gmail.com
website: Siddhicharanmun.gov.np
Face book Page: सिध्दिचरण नगरपालिका ओखलढुङ्गा